# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ३५ ) काठमाडौं, मंसीर २४ गते २०४२ साल ( संख्या ३४

## भाग ३

### श्री ५ को सरकार
### अर्थ मन्त्रालयको
### सूचना १

श्री ५ को सरकारले भन्सार ऐन, २०१९ को दफा ९ को उपदफा (१) र बिक्रीकर ऐन, २०२३ को दफा २१ ले दिएको अधिकार प्रयोग गरी स्वास्थ्य मन्त्रालय-लाई जर्मन नेपाल सहायता संघबाट उपहारस्वरूप प्राप्त भएको डी. एम. १,०००।– मूल्य बराबरको एक्सरे मिशिनमा लाग्ने भन्सार महसूल तथा बिक्रीकर पूर्णरूपमा छुट दिने निर्णय गरेकोले यो सूचना प्रकाशित गरिएको छ ।

### सूचना २

श्री ५ को सरकारले भन्सार ऐन, २०१९ को दफा ९ को उपदफा (१) र बिक्रीकर ऐन, २०२३ को दफा २१ ले दिएको अधिकार प्रयोग गरी ज्ञानोदय बाल बाटिका प्राथमिक आवाशीय विद्यालय, ललितपुरले आफ्नो नाममा खरीद गर्ने नेपाल आएको पर्यटकले कार्नेअन्तर्गत ल्याएको डाएम्लर वेञ्ज कम्पनीले बनाएको च्यासिस नं. ३१०३२७–१०–२७८०८९ इञ्जन नं. ३१४९४८–१०–२६०६९४ को मिनीबस १ (एक) को आयातमा लाग्ने भन्सार महसूल र बिक्रीकर पूर्णरूपमा छुट दिने निर्णय गरेकोले यो सूचना प्रकाशित गरिएको छ।

आज्ञाले,
लोकबहादुर श्रेष्ठ
श्री ५ को सरकारको सचिव

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।